१६औं बार्षिक साधारण सभामा लेखा संयोजक द्वारा प्रस्तुत प्रगति प्रतिवेदन आ.व.२०८१/८२

आदरणीय शेयर सदस्यज्युहरु ,

संस्थाको १६औं साधारण सभा सम्पन्न हुन लागि रहेकोले लेखा समितिको तर्फबाट सबैमा हार्दिक अभिवादन गर्दै आर्थिक बर्ष २०८१/८२मा लेखा समितिले अनुगमन तथा निरिक्षण गरि प्राप्त गरेको जानकारीहरुलाई सहकारी नियमावलीको निश्चित ढाँचामा प्रस्तुत गर्नुपर्ने व्यवस्थालाई मध्यनजर गर्दै लेखा समितिको प्रतिवेदन यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

क) गौथली बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालय मैतीदेवी-२९, काठमाडौँको २०८२ असार मसान्तसम्मको कारोबारको विवरणहरु :

१. चुक्ता शेयर पुंजी : ८९ लाख ७९ हजार ३ सय रुपैया मात्र ।
२. निक्षेप : ८करोड १७ लाख ८३ हजार ९सय २१ रुपैया मात्र ।
३. जगेडा कोष :९६ हजार ६ सय २७ रुपैया मात्र ।
४. अन्य कोष (सन्चित) : (१ करोड २ लाख ११ हजार १ सय २७ रुपैया मात्र ।)
५. कर्जा जोखिम कोष : ७ लाख ६५ हजार ९सय ८७ रुपैया मात्र ।
६. कर्जा लगानी : ७करोड ६५ लाख९८हजार ६सय २५रुपैया मात्र ।
७. यस बर्षको नाफा /नोक्सान (कर अघिको) :(२९ लाख ८६ हजार ८ सय १२ रुपैया मात्र ।)
८. नगद तथा बैंक मौज्दात : १ करोड २४ लाख ८९ हजार २सय ५४ रुपैया मात्र ।
९. लगानी हिसाब : १ लाख ५० हजार मात्र ।
१०. कुल कारोबार :१० करोड ४६ लाख ८ हजार ३ सय १७ रुपैया मात्र ।

ख) अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था

संस्थाको सर्बोपरि हितलाई मध्ये नजर गर्दै समयको माग अनुसार नयाँगतिमा संस्थालाई गतिशील बनाउन गरिएको निर्णयहरु कार्यान्वयनगर्दै लागिएको पाइयो ।

ग) आ. व .२०८१/८२मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यन्वयनको अवस्था :

आ.व.२०८१/८२ मा संचालक समिति बैठक ११ पटक बसेको देखिएको छ, साथै बैठकको निर्णयहरु कार्यान्वयन गरेको पाइन्छ ।

घ) ऋण लगानीको प्रक्रिया, ऋण बापतको सुरक्षण वाधितो सम्बन्धीव्यवस्था :

संस्थाको बचत तथा ऋण नीति २०७६ अनुसार शेयर सदस्यहरुको व्यवसाय दर्ता, दुइ जनाको व्यक्तिगत जमानी, संस्था सँग शेयर सदस्यहरुले गरेको कारोबार, शेयर राखी सामूहिक जमानी कर्जा र धितोमा धितो मुल्याङ्कन कर्ताद्वारा मुल्याङ्कन गरि सम्बन्धित निकायमा धितो दृष्टिबन्धक रोक्का गरि कर्जा लगानी गरेको पाइन्छ ।

ङ) सहकारी विभागबाट जारि गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :

जारि मापदण्ड क्रमिक रुपमा पालना गर्दै आफ्नो कारोबार गर्दै आफ्नो शेयर सदस्यहरुलाई सेवा दिदै अघि बढाई रहेको छ । यसको कारण नै संस्था हालसम्म यो अवस्थामा आइपुगेको तथ्य जानकारी गराउन चाहन्छु ।

च) सहकारी कार्यालय, विभाग वा सम्बन्धित सघं अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारको निर्देशन/ कार्यान्वयन सम्बन्धी विवरणहरु :

नियमनकारी निकायहरुले दिइएको प्रतिबेदन अनुसारका निर्देशन/सुझाबहरु कार्यान्वयन क्रमिक कार्यान्वयन गर्दै लगेको पाईन्छ । कतिपय नीतिगत सुझाबलाई थप समय लिदै लागू गर्दै संस्था अगाडी बढिरहेको छ ।

छ) पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण : छैन

संस्थाबाट कुनै पारिश्रमिक नलिएको साथै १५औं वार्षिक साधारण सभाले स्वीकृत गरे अनुसार सञ्चालक समिति र लेखा समिति प्रति बैठक क्रमश रु.१५००/-,रु.१०००/- का दरले बैठक भत्ता लिनु पर्नेमा यस वर्ष बैठकको भत्ता नलिएको पाइयो ।

ज) कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :

१. साधारणसभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको : **भएको**

२. कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको : **ल्याईएको छ**

३. भर्ना प्रक्रिया पारदर्शिता प्रतिस्पर्धी भएको/नभएको : **पारदर्शि भएको**

४. कार्यरत कर्मचारीहरु र कार्यजिम्मेवारी बीचता दम्यता रहेको/नरहेको : **रहेको**

५.व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण : संस्थामा व्यवस्थापन प्रमुखको रुपमा सञ्चालक समितिको सचिव रहनु भएको छ । शैक्षिक योग्यता व्यवस्थापन संकायमा स्नाकोत्तर तह उर्त्तीण गरी १२ वर्ष सहकारी क्षेत्रको अनुभव रहेको छ ।

६ कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या :

६.१ इर्न्टन : छैन

६.२ अस्थायी : ५ जना

६.३ स्थायी: ६ जना

झ) लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :

सही सुझावलाई आत्मसाथ गर्दै कार्यान्वयन गर्नु नै संस्थाको सफलता भएकोले गत आ.व.को सुझावलाई कार्यान्वयन गर्दै लगिएको पाईन्छ । केहि सुझावहरु लागु हुने चरणमा छन् ।

ञ) लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :

समय- समयमा बसेको बैठकका निर्णयहरु बमोजिम क्रमिक रुपमा कार्यान्वयन गरिएको र लेखा समितीले PEARLS प्रणालीबाट लेखा विश्लेषण र कर्जा प्रवाहको आधारमा कर्जा जोखिम कोषको व्यवस्था गरेकोले संस्थाको वित्तिय स्वस्थता हासिल गरेको छ ।

ट) लेखा समितिको सुझावहरु :

१. १ वर्ष भन्दा बढी अवधिको निक्षेप संकलित गर्न आवश्यक देखिन्छ ।

२. कर्जा समितिको काम कारवाहिलाई अझ प्रभावकारी बनाई संस्थाको लगानी भएको कर्जाको उठाउन पहल गर्नु पर्नेछ ।

३. संस्थाको अझै बचत तथा ऋण निति समय समयमा सुधार गर्नु पर्ने देखिन्छ ।

४. संस्थाको सेयर रकम र जगेडा कोषलाई थप मजबुत गर्दै लैजानु पर्ने देखिन्छ ।

अन्तमा, लेखा समितिको प्रतिवेदन निर्माणमा सहयोग पुर्याउनुहुने सम्पुर्ण कर्मचारी साथीहरुमा विशेष धन्यवाद दिदै विदा हुन चाहन्छु ।

जय सहकारी, जय गौथली ।

.....

लेखा समिति संयोजक

बिरेन्द्र कुँवर